नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी .नः

मिति : २०७३।११।०५

प्रेस विज्ञप्ति

स्थानीय निकाय ट्रेड यूनियन संयुक्त समन्वय समितिले पेश गरेका मागहरु सम्बन्धमा मिति २०७३।११।०५ गते छलफल भई मन्त्रालय र समन्वय समितिबीच सात बुँदे सहमति भएको छ । उक्त सहमति अनुसार आजैका मितिदेखि संयुक्त समन्वय समितिले गरेका आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु फिर्ता लिइ सकेकाले स्थानीय निकायका सेवाहरु नियमित रुपमा सुचारु गर्न गराउनु हुन सम्बद्ध सबैको जानकारीको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

मदन कोइराला

सहायक प्रवक्ता

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय ट्रेड यूनियन संयुक्त समन्वय समितिबीच भएको सहमति

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकाय ट्रेड यूनियन संयुक्त समन्वय समितिका प्रतिनिधिहरुको उपस्थितिमा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुले राखेको मागका सम्बन्धमा मिति २०७३।११।४ र ५ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा छलफल भई देहाय बमोजिमको सहमति भयो ।

१. लामो समय देखि स्थानीय निकायमा निर्वाचित पदाधिकारी नभएको सन्दर्भमा कर्मचारीबाट दोहोरो जिम्मेवारी निर्वाह गरिरहेको अवस्था अन्त्य गर्न स्थानीय तहको निर्वाचनको लागि नेपाल सरकारलाई अनुरोध गर्ने,

२. नयाँ स्थानीय तहको संगठन संरचना र जनशक्ति ब्यबस्थापन सम्बन्धमा संक्रमणकालीन ब्यबस्थापन योजना कार्यान्वयन हुँदा हाल सम्बन्धित स्थानीय निकायमा कार्यरत कर्मचारीहरु मध्येबाट वडा र कार्यालयका बिभिन्न शाखामा समाहित गरी ब्यबस्थापन गर्ने र नपुग जनशक्ति अन्य निकायबाट ब्यबस्था गर्ने,

३. स्थानीय निकायको स्वीकृत दरबन्दीमा नियमानुसार नियुक्ति भई अस्थायी र करारमा कार्यरत (स्थानीय विकास कोष समेत) कर्मचारीहरुलाई स्थानीय तहको आवश्यकता र करारका शर्त बमोजिम हुने गरी सम्बन्धित स्थानीय तहले निरन्तरता दिने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

४. स्थानीय निकाय ट्रेड यूनियन संयुक्त समन्वय समितिले पेश गरेका बूँदा नं.३ र ५ सँग सम्बन्धित मागहरुका विषयमा प्रचलित नीति, ऐन नियम समेतको अध्ययन गर्नुपर्ने र अन्तर मन्त्रालयसँग समेत सम्बन्धित रहेको देखिंदा देहाय बमोजिमको कार्यदल गठन गरी सो कार्यदलले कार्य आरम्भ भएको मितिले एक महिना भित्र मन्त्रालयलाई सुझाव सहितको प्रतिवेदन पेश गर्ने,

क. सङ्घीय मामिला तथा स्थानीय विकास
मन्त्रालयले तोकेको सहसचिव — संयोजक

ख. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको
उपसचिव प्रतिनिधि — सदस्य

ग. सामान्य प्रशासन मन्त्रालयको उप सचिव प्रतिनिधि — सदस्य

घ. कानून, न्याय तथा संसदीय मामिला
मन्त्रालय, उपसचिव प्रतिनिधि — सदस्य

ङ. उप महा /नगरपालिकाका कार्यकारी अधिकृतहरु मध्येबाट